# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २३ मार्च २०२३

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. केन्द्रीय अन्वेषण ब्युरो – सी बी आईले प्रश्न सोध्नको लागि धनराशि लिने कथित मामलामा तृणमूल कांग्रेसको नेता महुआ मोइत्राको कोलकाता लगायत अन्य स्थानहरूमा रहेको आवासहरुमा छापामारी गरेको छ।
२. पश्चिम बंगालमा प्रथम चरणको लोकसभा चुनावको अधिसूचना जारी भएपछि तीन लोकसभा असानहरू, कूचबिहार, अलिपुरद्वार र जलपाईगुड़ी आसनमा चुनावप्रचार तातिन्दै गईरहेके छ।
३. प्रधानमंत्री नरेन्द्र मोदी भुटानको दुइ दिवसीय सरकारी यात्रा पछि आज दिल्ली फर्कनु भएको छ। श्री मोदीले भुटानको राजा, प्रधान मंत्री अनि भुटानका मानिसहरुलाई उनीहरुको आतिथ्य सत्कारको लागि धन्यवाद दिनुभएको छ।
४. भारतले, भूटानलाई आगामी पांच वर्षमा दस हजार करोड रिपयाँको वित्तीय सहायता प्रदान गर्नेछ। प्रधानमंत्री नरेन्द्र मोदीले हिज भुटानको यात्राको पहिलो दिन थिम्पूमा यो घोषणा गर्नोभयो।
५. आज सहिद ए आजम भगत सिंह, राजगुरु र सुखदेवको शहीद दिवस हो ।
६. भारत-नेपाल सीमा क्षेत्र पानीटङ्कीमा आज बिहान भिषण आगलागी हुँदा ११ वटा पसल जलेर खरानी बनेको छ।

**CBI**

केन्द्रीय अन्वेषण ब्युरो - सी बी आईले प्रश्न सोध्नको लागि धनराशि लिने कथित मामलामा तृणमूल कांग्रेसको नेता महुआ मोइत्राको कोलकाता लगायत अन्य स्थानहरूमा रहेको आवासहरुमा छापामारी गरेको छ। सुत्रले बताए अनुसार कोलकाता तथा अन्य शहरहरूमा रहेको महुआ मोइत्राको आवासहरुमा पनि छापामारी चलिरहेको छ। सी बी आई ले लोकपाल को निर्देशमा पूर्व सांसद मोइत्रा विरुद्ध प्रथिमिकी दर्ता गरेको थियो। लोकपालले सी बी आई लाई यस मामला मा 6 महिना भित्र रिपोर्ट दिनु भनेको थियो। संसदको अचार समितिको सिफारिस पछि गत वर्ष दिसंबरमा महुआ मोइत्रालाई लोकसभा बाट निष्काशित गरिएको थियो। संसदमा प्रश्न सोध्नु को साटो एउटा व्यापारीबाट धनराशी लिएको आरोप मा समितिले मोइत्राको निष्कासनको सिफारिस गरेको थियो।

****** ० ******

**ईडी बेंगल**

केन्द्रिय अन्वेषण व्यूरो (सीत्रबी.आई ले आज बिहान पश्ंिच बंगालको तृणमूल कांग्रेस नेता महुआ मोइत्राका पिता डी.एल मोइत्राको दक्षिण कोलकाताको घरमा छापा मारेका छ। धनराशि लिएकोकाण्डमा संसदबाट निष्कासित महुआ मोइत्रालाई तृणमूलले नदिया जिलको कृष्णनगर लोकसभा निर्वाचन क्षेत्रबाट उम्मैद्वार बनाइएको छ। उनी २०१९ मायही सिटबाट निर्वाचित भएकी थिईन। सीबीआई टोलीलाई केन्द्रिय सशस्त्र पुलिस बल (सीआरपीएफ) सुरक्षा दिइएको छ। पछिल्लो केही दिनदेखि पश्चिम बंगालका विभिन्न क्षेत्रमा ईडी अनि सीबीआईले छापा मारिरहेका छन्।

****** ० ******

पश्चिम बंगाल चुनाव

पश्चिम बंगालमा प्रथम चुरणको लोकसभा चवुनावको अधिसूचना सजारी भएपछि तीन लोकसभा असानहरू, कूचबिहार, अलिपुरद्वार र जलपाईगुड़ी आसनमा चुनाव प्रचार तातिन्दै गईरहेको छ। यसै क्रममा दार्जीलिङ लोकसभाको दोस्रो चरणको मतदान २६ अप्रेलमा हुनेछ। । टिएमसी र बीजेपी एमको साझा सउम्मेद्वार गोपाल लामाको चवुनाव प्रचार तेज हुँदै गएको छ भने भारतीय जनता पार्टीले अझै पनि आफ्नो उम्मेद्वारको घोषणा गरेको छैन। सूत्रले जनाए अनुसार यहाँबाट कौ स्वतन्त्र उम्मेद्वारहरू पनि उठने संभावना छ। पश्चिम बंगालको ४२ लोकसभा सीटका ७ सचवरणमा मतदान हुनेछ। सुन्नुहोस एक रिर्पोटः-

****** ० ******

**भारत-भूटान**

भारतले, भूटानलाई आगामी पांच वर्षमा दस हजार करोड रिपयाँको वित्तीय सहायता प्रदान गर्नेछ। प्रधानमंत्री नरेन्द्र मोदीले हिज भूटानको यात्राको पहिलो दिन थिम्पूमा यो घोषणा गर्नोभयो। प्रधानमंत्रीले भूटान नेतृत्वलाई भारत, भूटानको साथमा खड़ा रहने अनि दुवै देश बीच आपसी सम्पर्क, आधारभूत अवसंरचना, व्यापार अनि ऊर्जा, उद्योग क्षेत्रहरुमा अधिक सहयोगको

सम्भावनाहरुको खोज गर्ने आश्वासन दिनुभएको छ। यस अवधि दुवै देश बीच ऊर्जा, व्यापार, डिजिटल कनेक्टिविटी, अंतरिक्ष अनि कृषि क्षेत्रमा समझौताहरु अनि रेल संपर्क संबंधी समझौताहरु माथि हस्ताक्षर गरिएको छ। भूटानलाई भारतको आर्थिक सहायता बारेमा जानकारी दिँदै विदेश सचिव विनय मोहन क्वात्राले भन्नुभयो कि, यस सहायतामा भूटानको आर्थिक प्रोत्साहन पैकेजमा भारतको समर्थन पनि शामिल है।

****** ० ******

**जयशंकर-सिंगापुर**

विदेश मंत्री डॉक्टर सुब्रह्मण्यम जयशंकर आज तीन दिनको यात्रामा सिंगापुर पुग्नु भएको छ। सिंगापुर पुग्नु भएपछि सबैभन्दा अघि उहाँले आई.एन.ए. स्मारकमा नेताजी सुभाष चंद्र बोस अनि भारतीय सेनाको बहादुर सैनिकहरुलाई श्रद्धांजलि दिनुभयो। एउटा सोशल मीडिया पोस्टमा डॉक्टर जयशंकरले आई.एन.ए. को देशभक्ति अनि अदम्य साहसको भावनाको प्रतीक रहेको यो स्मारक, आउने पीढ़िहरुको लागि प्रेरणाको स्रोत बनिरहने बताउनुभयो।

******

**रिम्बिक आगलागी**

हिजो राति लगभग 8:30 बजेतिर आगलागीको चपेटामा परी भान्साघर गुमाएका सिरीखोला डाँडा गाउँ ग्राम पञ्चायतको लोवर सेपी निवासी विक्रम राईको परिवारसग क्षेत्रीय सभासद तथा पर्यटन विभाग प्रमुख नोर्देन शेर्पाले भेटघाट गरि भलाकुसारी गर्नु भएको छ । आज बिहानै उहा  लगायतको टोलीले स्थलगत भ्रमण गरि घटनाको वास्तविकबारेमा जानकारी लिएका छन।

****** ० ******

**भागोप्रमो खर्संग**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटीको तत्वावधानमा वार्ड नम्बर आठको  सार्वजनिक भवनमा वार्ड कमिटी गठन गर्नको लागि सांगठनिक सभा सम्पन्न भएको छ। यस सभाको अध्यक्षता वार्डका वरिष्ठ सदस्य पेमा योञ्जनले गर्नु भएको थियो | सभामा वार्डका वरिष्ठ सदस्य डीबी लामा अनि गोपाल प्रधानले वार्डका विभिन्न समस्याहरुको अवगत गराए। सभामा 28 नम्बर समष्टिका सभासद श्याम शेर्पा, खरसाङ टाउन कमिटीका कार्यवाहक अध्यक्ष संदीप बल, सांगठनिक सचिव रञ्जन गजमेरले सांगठनिक विषयमा जानकारी दिँदै संगठन सुचारू रूपले चलाउन हेतु सुझावहरु राख्नु भयो । त्यसपछि भागोप्रमो वार्ड कमिटी गठन गरियो। वार्ड कमिटीमा अध्यक्ष सुभाष राई, उपाध्यक्ष कमल श्रीमल, मूल सचिव डीबी लामा, सह सचिव गोपाल लामा, कोषाध्यक्ष जीवन प्रधान, सलाहकार पेमा योञ्जन, लगायत अन्य  कार्यकारिणी सदस्यहरुको चयन गरियो |

****** ० ******

**बाघडोघरा घटना**

रेलको ठक्करबाट एक जनाको मृत्यु भएको छ । घटना आज बागडोग्राको केश्तोपुर क्षेत्रमा भएको हो ।  समाचार लेखिन्जेलसम्म मृतकको पहिचान हुन सकेको छैन। दिउँसो बागडोग्राको केश्तोपुर क्षेत्रमा रहेको रेलवे लाइनमा स्थानीयले शव देखेका थिए । त्यसपछि बागडोगरा पुलिस  र रेलवे पुलिसलाई यसबारे जानकारी गराइएको थियो। घटनास्थलमा पुगेर पुलिसले शवलाई पोस्टमार्टमका लागि उत्तर बङ्गाल मेडिकल कलेज र अस्पतालमा पठाइएको छ  । रेल्वे  पुलिस मृतकको पहिचानको लागि जुटेको छ |

****** ० ******

टिस्टा ऱ्याफ्टिंग संचालन

जीटिएद्वारा टिस्टा नदीमा रिभर राफ्टिंग पुनः संचालनमा ल्याएको छ। मनुसन साथै टिस्टा बाढ़ले गर्दा लामो समयदेखि बन्द भएको रिभर ऱ्याफ्टिंग पुन संचालनमा आएको बताईएको छ। पर्यटन मौसमलाई केन्द्र गरी यसलाई संचालनमा ल्याइएको बताईएको छ। यसलाई टिस्टा रंगीत रिभर ऱ्याटिंग पुनः संचालमन ल्यााईएकोमा एसोसिएशन ले जीटिए प्रमुख कार्यपाल अनित थापा र कालेबुङका विधायक रूदेन सादा लेप्चालाई धन्यवाद दिएको छ।

****** ० ******

न्यूक्लियर मिसाईल

भारतले चाँड़ै के-४ न्यूक्लियर मिसाईल परीक्षण गर्ने भएको छ। मीडिया रिर्पोटाका अनुसार देशले यो मिसाईल पनडुब्बीबाट प्रक्षेपण गर्न लागेको हो। यसको प्रहार गर्ने क्षमता लगभ ४ हजार किलोमिटर छ। परीक्षणका लाि ग बंगालको खाड़ी र छेउछाउका क्षेत्रमा सतर्क रहन आग्रह गरिएको छ भने अप्रेलन ३ र ४ मा छनौट भएको क्षेत्रमा नो फ्लाई जोन पनि घोषणा गरिएको छ।

****** ० ******

**नेपाल-आइ.टि.ई.सी डे**

नेपालको राजधानी काठमाण्डूमा हिजो ५८ औं भारती तकनीकी र आर्थिक सहयोग आई.टि.ई.सी दिवस पालन गरियो। यस दिवसले भारत-नोल क्षमता निमार्ण सहभागितामा एउटा ठूलो फड़को मारिएको दर्शाउँदछ। यस दिवसको आयोजना काठमाण्डु स्थित भारतीय दूतावासले गरेको थियो। हिजो आयोजित यस समारोहमा झण्डै ३०० भन्दा बढ़ी अतिथिहरू उपस्थित थिए जसमा कैंयन सांसदहरू विरष्ठ सरकारी अधिकारीहरू , आई.टि.ई.सी एलुम्नीहरू, तथा नेपालका शैथ्क्षम संस्थानहरूका प्रतिष्ठित व्यात्तिहरू उपस्थित थिए। यस समारोहमा भारतीय पक्षबाट पनि कैंयन विज्ञहरूको उपस्थित थियो। यस कार्यक्रम बमोजित नेपाल वहित विश्वका १६० भन्दा बढ़ी सहभागी देशहरूलाई भारतले उच्च्च शिक्षा तथा प्रविधि एवं प्रौध्योगिकीको क्षेत्रमा क्षमता विकासका लागि प्रशिक्षण एवं विशेषज्ञता प्रदान गर्दै आइरहेको छ।यस कार्यक्रम बमोजित प्रदान गर्दै आइरहेको छ। यस कार्यक्रमबमोजिम भारतले अहिले सम्म विश्वका विभिन्न देशका झण्डै २ लाख भन्दा बढ़ी सरकारी अध्किारीहरूलाई पेशावर व्यात्तिहरूलाई उध्योग जगतका वरिष्ठ प्रतिनिधिहरूलाई प्रशिक्षण प्रदान गर ी सकेको छ। नेपालका लाि गभारतले प्रशिक्ष्चण दिने झण्डै ४४० भन्दा बढ़ी SLOT हरू उपलब्ध गराएको छ जसमा नेपालका सरकारी अध्किारीहरूलाई प्रशासनीक प्रशिक्षण रेलवे अधिकारीहरूलाई प्रशिक्षण, कृषिक्षेत्रका अधिकारीहरूलाई संसदीय अध्किारीहरूलाई भारतमा प्रशिक्षण प्रदान गरिन्छ। यो कुराको जानकारी नेपालमा भातरको राजदूत नवीन श्रीवास्तवले आफ्नो संबोधनमा दिनुभ्ज्ञयो। वर्ष २०२३-२४ मा नेपालामा ४४४ पेशावारहरूलाई भारतमा विभिन्न कोर्सको प्रशिक्षण दिइयो। भारतका विभिन्न शैक्षिक संस्थानहरूमा यो प्रशिक्षणप्रदान गरिन्छ। ३० भन्दा बढ़ी नेपालका अभियन्ताहरूलाई एम टेक्ट मा भर्ना दिइएको छ। जल संसाधन प्रबन्धन, जल विज्ञान , जल प्रबंधन क्षेत्रमा नेपालका अध्किारीहरूले प्रशिक्षण ०ाप्त गरी रहेको नवीन श्री वास्तवले बताउनुभयो।

****** ० ******

**भागोप्रमो खर्संग**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटीको तत्वावधानमा वार्ड नम्बर आठको सार्वजनिक भवनमा वार्ड कमिटी गठन गर्नको लागि सांगठनिक सभा सम्पन्न भएको छ। यस सभाको अध्यक्षता वार्डका वरिष्ठ सदस्य पेमा योञ्जनले गर्नु भएको थियो | सभामा वार्डका वरिष्ठ सदस्य डीबी लामा अनि गोपाल प्रधानले वार्डका विभिन्न समस्याहरुको अवगत गराए| सभामा 28 नम्बर समष्टिका सभासद श्याम शेर्पा, खरसाङ टाउन कमिटीका कार्यवाहक अध्यक्ष संदीप बल, सांगठनिक सचिव रञ्जन गजमेरले सांगठनिक विषयमा जानकारी दिँदै संगठन सुचारू रूपले चलाउन हेतु सुझावहरु राख्नु भयो । त्यसपछि भागोप्रमो वार्ड कमिटी गठन गरियो। वार्ड कमिटीमा अध्यक्ष सुभाष राई, उपाध्यक्ष कमल श्रीमल, मूल सचिव डीबी लामा, सह सचिव गोपाल लामा, कोषाध्यक्ष जीवन प्रधान, सलाहकार पेमा योञ्जन, लगायत अन्य कार्यकारिणी सदस्यहरुको चयन गरियो |

****** ० ******